नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना

सूचना प्रकाशित मितिः २०८१।०९।०१

## वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरुको अध्यावधिकरणको लागि कागजात पेश गर्ने सम्बन्धी सूचना

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७२ एवं वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४५क. मा वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने सूचिकृत स्वास्थ्य संस्थाहरुले सूचीकरण नवीकरण गर्नुपर्ने कानूनी व्यवस्था भएको साथै वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ को दफा ४ बमोजिम यस मन्त्रालयमा सुचीकृत स्वास्थ्य संस्थाहरुले तपसिलमा उल्लिखित कागजात र विवरण सहित २०८१ पौष मसान्त भित्र यस मन्त्रालयमा अध्यावधिकरणको लागि पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**अध्यावधिकरणको लागि पेश गर्नु पर्ने कागजात र विवरणहरुः**

(क) सूचीकरण प्रमाणपत्रको प्रतिलिपि,

(ख) अघिल्लो नवीकरण भएको भए सो प्रमाणपत्रको प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,

(ङ) स्वास्थ्य मन्त्रालय वा अन्तर्गतबाट संस्था सञ्चालन स्वीकृतिको प्रमाणपत्र र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(च) नाम वा ठेगाना परिवर्तन गरेको भए सम्बन्धित निकायबाट सो को स्वीकृति प्राप्त गरेको पत्रको प्रतिलिपि।